दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



लोकतन्त्रको उपलब्धिको रक्षा गरौं।

-विधिको शासन
-नागरिक स्वतन्त्रताको संरक्षण
-सूचनाको हक -संवैधानिक सरकार
-समावेशी सहभागिताको सुनिश्चितता
--आवधिक निर्वाचन
-समावेशी सहभागिताको सुनिश्चितता
-बालिग मताधिकार।
-अभिव्यक्ति स्वतन्त्रता -न्यायिक स्वतन्त्रता
लोकतन्त्रका यी विशेषतालाई सबैले अबलम्बन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष ३६ | अंक १८२ | बुटवल | २०८१ असार १५, गते शनिबार | नेपाल संवत ११४४ | Saturday Jun.29, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# एसईईमा फेल सबैले मौका परीक्षा दिन पाउने


लुम्बिनी संवाददाता
*बुटवल*


। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले माध्यमिक शिक्षा परीक्षा एसईई २०८० मा दुईभन्दा बढी विषयमा एनजी अर्थात् नन ग्रेड ल्याएका विद्यार्थीलाई पनि मौका परीक्षामा सहभागी गराउने निर्णय गरेको छ।

धेरै विद्यार्थी अध्ययनबाट वञ्चित हुने भन्दै मौका परीक्षामा सहभागी हुन दिने व्यवस्था गर्न शिक्षामन्त्री सुमना श्रेष्ठले यस्तो निर्णय गरेकी हुन्।

एसईईको नतिजा आएपछि बिहीबार र शुक्रबार छलफल चलाएर उनले परीक्षा दिन पाउने निर्णय गरेको शिक्षा मन्त्रालयका अधिकारीहरुले बताएका छन्।

मन्त्रालयले शुक्रबार मन्त्रीस्तरीय निर्णय गर्दै एनजी ल्याएका विद्यार्थीलाई मौका परीक्षामा सहभागी गराउन लेटर ग्रेडिङ निर्देशिका, २०७८ संशोधन गर्ने प्रकृया अगाडि बढाउन पाठ्यक्रम विकास केन्द्रलाई, परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयलाई परीक्षा सञ्चालन व्यवस्थापन गर्न र शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई आवश्यक कक्षा सञ्चालन तथा सिकाइ सहजीकरण गर्न विद्यालय तथा सरोकार निकायलाई निर्देशन दिने निर्णय गरेको छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रवक्ता केशवप्रसाद दाहालले सोहीअनुसार सम्बन्धित निकायलाई पत्राचार पनि गरिसकिएको जानकारी दिए। राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले बिहीबार सार्वजनिक गरेको नतिजाअनुसार २ लाख ४२ हजार ३१३ जना विद्यार्थी नन ग्रेड (एनजी)मा परेका छन्। यो संख्या परीक्षामा सहभागी ४ लाख ६४ हजार ७८५ विद्यार्थीको ५२.१४ प्रतिशत हो।

बोर्डले लेटर ग्रेडिङ निर्देशिका, २०७८ अनुसार नतिजा सार्वजनिक गरेको हो। जसमा सैद्धान्तिक र आन्तरिकको मूल्याङ्कन फरक-फरक हुने व्यवस्था छ। विद्यार्थीले सैद्धान्तिकतर्फ हरेक विषयमा न्यूनतम ३५ प्रतिशत अंक ल्याउनुपर्छ। ७५ अंकको सैद्धान्तिक परीक्षा हुने विषयमा न्यूनतम २६.२५ अंक ल्याउनुपर्छ। त्यसमा आन्तरिकतर्फ २५ पूर्णाङ्कको परीक्षामा भने ४० प्रतिशत अर्थात् १० अंक ल्याउनुपर्छ। लेटर ग्रेडिङ निर्देशिका अनुसार सैद्धान्तिक र आन्तरिकतर्फ प्राप्त अंकलाई ग्रेडमा रुपान्तरण गरिन्छ। तर विद्यार्थीले सैद्धान्तिकतर्फ ७५ पूर्णाङ्कको परीक्षा हुने विषयमा ३५ प्रतिशत अर्थात २६.२५ अंक पाएको छैन भने प्रमाणपत्रमा एनजी नन ग्रेडेड



उल्लेख हुनेछ। र, ग्रेडवृद्धि परीक्षा नदिई कक्षा ११ मा पढ्न पाउने छैनन्।

निर्देशिकामा दुईभन्दा बढी विषयमा न्यूनमत ३५ प्रतिशत अंक नपाएका र ग्रेड वृद्धि परीक्षा दिँदा पनि ३५ प्रतिशत अंक ल्याउन नसकेका परीक्षार्थीले अर्को वर्ष एनजी लागेको विषयमा मात्र परीक्षा दिन पाउने व्यवस्था छ।

तर, ठूलो संख्याका विद्यार्थीले मौका परीक्षामा सहभागी हुन नपाउने भएपछि मन्त्रालयले दोस्रो पटक निर्देशिका संशोधन गर्ने र सबै विद्यार्थीलाई मौका परीक्षामा सहभागी गराउने निर्णय गरेको हो।

यसअघि निर्देशिकामा दुईभन्दा बढी विषयमा एनजी ल्याएका विद्यार्थीले अर्को वर्ष सबै विषयमा परीक्षा दिनुपर्ने व्यवस्था रहेको थियो। गत वर्ष निर्देशिका संशोधन गर्दै दुईभन्दा बढी विषयमा एनजी लागेकाले अर्को वर्ष परीक्षा दिनुपर्ने, तर एनजी लागेका विषयमा मात्रै दिनुपर्ने व्यवस्था गरिएको थियो।

यो वर्षको मौका परीक्षा साउनको १८ र १९ गते तोकिएको छ। बिहीबारदेखि छलफल अघि बढाएर शुक्रबार निर्णय गरिएको थियो।

मन्त्रालयले शुक्रबार मन्त्रीस्तरीय निर्णय गर्दै एनजी ल्याएका विद्यार्थीलाई मौका परीक्षामा सहभागी गराउन लेटर ग्रेडिङ निर्देशिका, २०७८ संशोधन गर्ने प्रकृया अगाडि बढाउन पाठ्यक्रम विकास केन्द्रलाई, परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयलाई परीक्षा सञ्चालन व्यवस्थापन गर्न र शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई आवश्यक कक्षा सञ्चालन तथा सिकाइ सहजीकरण गर्न विद्यालय तथा सरोकार निकायलाई निर्देशन दिने निर्णय गरेको छ। सोहीअनुसार सम्बन्धित निकायलाई पत्राचार पनि गरिसकिएको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रवक्ता केशवप्रसाद दाहालले जानकारी दिए।


» *बाँकी ३ पेजमा*


## होटलमा कुटपिट गर्नेहरू पक्राउ नपर्नुको अन्तर्य

राजनीति दबाबले होटल, रेष्टुरेन्ट र क्याफेमा हुलहुज्जत गर्ने र कुटपिटमा संलग्नहरुलाई प्रहरीले पक्राउ गरी कानुन अनुसार कारबाही गर्न बेवास्ता गरेको छ।



भैरहवा। रुपन्देहीको भैरहवास्थित एक होटलमा भएको घटना सेलाउन नपाउँदै अर्को कुटपिटको घटना भएको छ ।

असार १३ गते साँझ भैरहवाको लुम्बिनीरोडस्थित होटल सनस्टारमा होटलका म्यानेजरमाथि एक व्यक्तिले अपशब्द बोल्नुका साथै मुक्का प्रहार गरेका छन्। कृष्ण मल्ल नाम गरेका ति व्यक्ति मदिराले मातेको आवाजमा सुन्नै नसकिने घिन लाग्दा शब्दहरु बोलेको भिडियो फुटेज प्राप्त भएको छ। उनले बोलेका छन्-" तैले के गर्छस्, नेतालाई मैले चलाउँछु, यहाँका पुलिसलाई मैले पालेको छु। " कृष्ण मल्ल नेकपा एमाले रुपन्देहीको जिल्ला सदस्य हुन्।

घटना लगत्तै होटल परिसरमा पुगेको प्रहरीको टोलीसँग समेत ति व्यक्तिले वादविवाद गरिरहेको सुनिन्छ। बर्दीको आडमा मलाई थर्काउने भन्दै उनै व्यक्तिले प्रहरीलाई समेत धम्काइरहेको अडियो समेत प्राप्त भएको छ। तर प्रहरी भन्छ-' उनी फरार छन्।' आफ्ना स्टाफमाथि कुटपित गरेको भन्दै कृष्ण मल्लको विरुद्धमा होटलका सञ्चालक राजेश महोत्रा उजुरी लिएर जिल्ला प्रहरी कार्यालय पुगे पनि यो समाचार तयार गर्दासम्म उजुरी दर्ता भइनसकेको, तर प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रवक्ता प्रहरी नायव उपरीक्षक मनोहर भट्टले जानकारी दिए।

यस्तै जेठको २७ गते भैरहवास्थित बुद्धचोकमा सञ्चालनमा रहेको भैरहवा क्याफेमा एक युवाहरुको जमातले अर्को एकजना युवामाथि जथाभावी कुटपिट गरी घाइते बनाए। उक्त घटनामा घाइते हुने युवा हुन्, सिद्धार्थनगर निवासी आशिस पन्थ। साँझको समयमा खानपिन गर्न र रमाइलो गर्नका लागि क्याफेमा पुगेका युवाहरुले सानो विषयमा भएको विवादलाई निहुँ बनाएर उनीमाथि वियरको बोटल, मुक्का प्रहार गरेको र जथाभावी गालीगलौज गरेको भिडियो सामाजिक सञ्जालमा भाइरल भयो।

भिडियोमा क्याफेमा कार्यरत महिला कर्मचारीले ति युवाहरुलाई छुट्याउन खोज्दा उनीमाथि पटक-पटक धकिलिएको देखिन्थ्यो। पीडित आषिस पन्थका अनुसार कुरा सामान्य थियो, उनी आफ्ना म्यानेजरसहित टेवलमा बसेर खानपिन गरिरहेका थिए, यत्तिकैमा संगम पुनसहितका पाँच जना युवाहरु क्याफेमा प्रवेश गर्छन्। ति मध्ये विमस क्षेत्री आशिसले चिनेका र केही समय स्कुलमासँगै पढेका साथी हुन्छन्। विसम भन्ने व्यक्ति आशिस भएको टेवलमा जान्छन् र कुराकानी गर्छन्। यतिकैमा संगम पुनले निहुँ निकाल्छन् र आशिसमाथि एक्कासी मुक्का प्रहार गर्छन्।


» *बाँकी ३ पेजमा*


आज असार १५

## हराउँदै असार १५ को मौलिकता


लुम्बिनी संवाददाता
*बुटवल*


नेपाल कृषि प्रधान देश हो। धेरै नेपालीहरू कृषि पेशामा छन्। परम्परागत र निर्वाहमुखी कृषिले हामीले अपेक्षित लाभ लिन सकेका छैनौं। कृषिको व्यवसायिक विकासको पाइला अघि बढेपनि किसान ढुक्क भइ कृषिमा लाग्न सकिरहेका छैनन् ।

नेपालमा असार १५ लाई महत्वपूर्ण दिनको रूपमा लिइन्छ। यही दिनलाई सरकारले राष्ट्रिय धान दिवस घोषणा गरी मनाइँदै आएको छ। यही दिन दही-चिउरा खाने चलन छ। असार १५ को महत्व र मौलिकताबारे अहिले किसानले बेवास्ता गर्न थालेका छन्, कतिपयले यसबारे जानकारी नै नभएको बताएका छन्।

कपिलवस्तुको वाणगंगा नगरपालिका वडा नम्बर ३ का ४४ वर्षीय पवन खत्री ८ बिघामा धान खेती गर्दछन्। असार १५ गते आउँछ, जान्छ। असार १५ को मौलिकता र क्रियाकलापबारे उनलाई चासो छैन।

'आफूले सुरुवात गर्दा असार १५ मा रमाइलो गर्ने, दही चिउरा खाने, धान दिवस मनाउने भन्ने कुरा त थाहा भयो, तर यसो गर्दा आफूलाई के फाइदा हुन्छ भन्ने थाहा छैन,' उनी भन्छन्-'मलाई यसको फाइदा भन्ने त थाहा छैन, तर यो दिन यसो गर्छन् चाहिँ भन्न सक्छु।'

उनी मात्रै होइन गुल्मी पिपलधाराका सोभाखर घिमिरे पनि ५५ वर्षका भए तर उनीहरूलाई असार १५ को मौलिकता बारे खासै थाहा छैन। असार १५ मा दही चिउरा खाने प्रचलन रहिआएको र त्यसलाई निरन्तरता दिँदै आएको प्रतिक्रिया दिए।

उनीहरू मात्रै होइन, असार १५ मा गरिने धेरैजसो गतिविधिको बारेमा कृषकहरूलाई थाहा छैन। असार १५ को मौलिकता एवं यसका फाइदाहरूको विषयमा सबैले थाहा पाएमा यसको गरिमा अझैं बढ्ने भएकोले यसको महत्व बुझाउन थालिएको कृषिसँग विभिन्न संघसंस्थाहरुले आवाज उठाउन थालेका छन्।

**यस्तो गरिन्छ असार १५ मा**

यस वर्ष 'जलवायु मैत्री कृषि, धान उत्पादनमा वृद्धि' भन्ने नाराका साथ २०८१ को राष्ट्रिय धान दिवस मनाउने सरकारले निर्णय गरेको छ। किसानको मनोबल उच्च राखी उनीहरूको श्रमको सम्मान गर्ने उद्देश्यले कृषि तथा सहकारी मन्त्रालयले मुलुकभरि असार १५ गते राष्ट्रिय धान दिवसको रूपमा मनाउने परम्परा बसालेको हो। यस दिनलाई रोपाइँ महोत्सवका रूपमा समेत मनाउने गरिन्छ। त्यसैले हरेक वर्ष विभिन्न नाराका साथ विविध कार्यक्रम गरी धान दिवस मनाउने गरेको लुम्बिनी प्रदेश



कृषि मन्त्रालयका सचिव यमनारायण देवकोटाले बताए।

उनले सन् २००४ मा संयुक्त राष्ट्रिय संघले अन्तर्राष्ट्रिय धान दिवस मनाउने प्रस्ताव पारित गरेपछि विश्वभर धान दिवस मनाउने प्रचलन चलेका बताउँदै नेपालमा पनि कृषि प्रधान हाम्रो मुलुकमा खाद्य सुरक्षाको प्रमुख आधारको रूपमा रहेको धानको उत्पादनलाई महत्व दिँदै सरकारले असार १५ लाई राष्ट्रिय धान दिवसको रूपमा मनाउँदै आइएको बताए। उनका अनुसार नेपालमा १४ लाख हेक्टर जमिनमा हरेक वर्ष धान खेती हुँदै आएको छ।

सरकारले असार १५ लाई धान दिवसका रूपमा मनाउँदै आए पनि आधुनिक प्रविधि र सिप आम किसान माझ अझ पुग्न नसकेका कारण खेती योग्य जमिन भएर पनि धान उत्पादनमा वृद्धि हुन नसकेको कृषि विज्ञहरूको भनाइ छ।

नेपाली संस्कृति अनुसार असार १५ मा दही चिउरा खाने प्रचलन छ। खेतमा रोपाई गरी दही चिउरा खाने भएकाले यस दिनलाई दही चिउरा खाने दिनका रूपमा लिने गरेको पाइन्छावर्षा याममा हिलाम्य भएको शरीरमा दही खाँदा ऊर्जा दिने भएकाले दही चिउरा खाने चलन रहेको विज्ञहरू बताउँछन्।

असार १५ रमाइलो दिन मात्र होइन, महत्वपूर्ण दिन पनि हो। त्यस दिन माना रोपेर मुरी फलाउने उक्ति नै प्रचलित छ। धानको उत्पादनले नेपाली कृषकहरूको जीवनमा मात्र होइन, राष्ट्रको जीवनमा पनि प्रभाव पार्दछ। धानको उत्पादन राम्रो भएमा त्यसले हाम्रो आर्थिक जीवनमा सकारात्मक प्रभाव पार्दछ।

पहिले कृषकको लागि मात्र महत्वपूर्ण दिन थियो भने अहिले यो दिनको महत्व व्यापक भएको छ। गीत गाउनेहरू पनि असारमा रमाउँछन्। असारे गीतको भाखा भन्नासाथ लोभिनेहरू धेरै छन्। जनकवि केशरी धर्मराज थापाले 'हो हो माले हो हो ' भन्ने गीत गाएपछि यसको महत्व अरू बढेको छ। पर्यटन क्षेत्रमा लागेकाहरूले पनि असार १५ को महत्व बढाएका छन्।

पहिले असार १५ मा कृषकहरू मात्र हिलो खेल्थे र धान रोप्थे भने अहिले पर्यटन व्यवसायीहरू पनि खेतमा झरेका छन्। हिलो खेल्ने गरेका छन्। पर्यटन व्यवसायीहरू मात्र होइनन् उनीहरूले विदेशी पर्यटकहरूलाई समेत हिलो खेल्न लगाएका छन्। असार १५ को हिजो साँस्कृतिक महत्व थियो भने अहिले त्यसको आर्थिक महत्व पनि भएको छ। पर्यटकहरूलाई हिलो खेतमा लैजानमा पोखराका पर्यटन व्यवसायीहरूले सिर्जनात्मक भूमिका खेलेका छन्। अहिले अरू ठाउँहरूमा पनि पोखरेली व्यवसायीहरूले गरेझैं विदेशी पर्यटकहरूलाई खेतमा लैजान थालेका छन्।


» *बाँकी ३ पेजमा*





दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८१ असार १५ गते, शनिबार

तपाईंका लागि...

## बिट्विन द लाइन्स्...

"क्रान्ति भनेको त
हुँदो रहेछ मात्र इतिहासको"
– धूँस्वा सायमि

('लक्ष्यको खोजीमा' कविताबाट)

कथा

# मिस्टर एलर्जी

रुद्र ज्ञवाली

> "लेखन यात्रा कुन विषयवस्तुमा केन्द्रित हुँदैछ त दाइको ?" देशको अर्थतन्त्रभन्दा पनि जीर्ण कुर्सीमा बस्दै कुराको उठान गरेको थियो उसले । "खै ! आजभोलि त के भयो कुन्नि ? जतिबेला हाम्रा लेखकीय मान्यताहरू बन्दुकको निगरानीमा थिए, त्यतिबेला यी कलममा देखिएको उर्जा यतिबेला भ्याँगिनुको साटो वैलाउन पो थाले त । किन यस्तो भइरहेछ, म आफैंले बुझ्न सकिरहेको छैन ।" मेरो प्रतिकृया थियो यो ।

उसको वास्तविक नाम के हो धेरैलाई यससँग सरोकार छैन । वास्तविक नामले भन्दा पत्रकार भनेर चिन्छन् छिमेकीहरू । कुनै विषयवस्तुको पछि परेपछि त्यसको खोइरो नखनी नछोड्ने आदतका कारण उसलाई लुतो अर्थात् एलर्जी पनि भन्छन्, मानिसहरू । जोसँग पनि कुराकानी गर्दा मिस्टर लगाएर सम्बोधन गर्ने उसको आदतका कारण एलर्जीका अघि मिष्टर उपाधि लगाएर मिस्टर एलर्जी विशेषणबाट सुसोभित भएको छ, ऊ ।

यथार्थमा उसको र मेरो दैनिकीमा कुनै कुराको तारतम्य छैन र पनि ऊ मेरो दिनचर्या बनिरहेको छ । उसको र मेरो रहनसहनको कहीं कतै तादात्म्य छैन र पनि ऊ मेरो आवश्यकता बनिसकेको छ । यस कुराको मैले पनि राम्रैसङ्ग अनुभव गरिसकेको छु । एक किसिमको अनिच्छित आवश्यकता बनिरहेका छौं हामी । आज पनि कोठाभित्र पस्नासाथ सधैंभैं गिंजा समेतका दाँत किच्च देखाउँदै दाहिने हात निधारसम्म पुर्‍याएर अभिवादन गरेको थियो, उसले ।

"लेखन यात्रा कुन विषयवस्तुमा केन्द्रित हुँदैछ त दाइको ?" देशको अर्थतन्त्र भन्दा पनि जीर्ण कुर्सीमा बस्दै कुराको उठान गरेको थियो उसले । "खै ! आजभोलि त के भयो कुन्नि ? जतिबेला हाम्रा लेखकीय मान्यताहरू बन्दुकको निगरानीमा थिए त्यतिबेला यी कलममा देखिएको उर्जा यतिबेला भ्याँगिनुको साटो वैलाउन पो थाले त । किन यस्तो भइरहेछ, म आफैंले बुझ्न सकिरहेको छैन ।" मेरो प्रतिकृया थियो यो ।

"सजिलो उपलब्धि क्षणिक र महत्वहीन हुन्छ । पानीको महत्व नदी किनारमा बस्नेलाई भन्दा मरुभूमिमा बस्नेलाई बढी थाहा हुन्छ । होइन र ?" उसले मेरो भनाइको आंशिक अनुमोदन गन्यो ।

कोठामा केही क्षण मौनता छायो । मौनतालाई भङ्ग गर्दै उसैले बोल्यो "देश बरबाद हुने भयो दाइ । हेर्नुस् त यो देशको बरवादी । नागरिकताको चाहना एवम् आवश्यकता कहाँबाट कहाँ पुगिसक्यो ? यिनीहरूलाई केही सर कार छैन । देश र जनताप्रति कुनै जिम्मेवारीवोध नै छैन । सत्रौं सताब्दीको मानसिकतामा देश हाँकेर नौलो नेपाल बन्छ ? देश दुर्घटनाको संघारमा पुग्दा पनि चेत छैन । वर्षौंवर्ष राज्य संयन्त्रमा हाली मुहाली गरेकाहरू अहिले हाकाहाकी राष्ट्र विखण्डनका भाषण गर्न थालेका छन् । तर हाम्रा नेताहरूको दलीय स्वार्थ हेर्नुस् न, एकले अर्काको विरोध नगरी खाएको नपच्ने । एउटाले दिन भन्यो भने अर्कोले रात नभनी नहुने दिनलाई दिन र रातलाई रात भन्ने सवालमा पनि राष्ट्रिय सहमति बनाउन नसक्ने ? कस्तो मनोरोगले ग्रस्त छन् हँ हाम्रा राष्ट्र निर्माताहरू । हामी जनताको मानसिकता पनि हेर्नुस् न दाइ । लोग्ने स्वास्नीको भ्रगडामा र चितुवाले बाखो खाइदिएको निहूँमा चक्काजाम र नेपालबन्द गर्ने हामीहरू राष्ट्र विखण्डनका भाषण सुनेर पनि प्रतिकृयाहीन अवस्थामा बस्छौं । एउटा सार्वभौम देशका लागि यो भन्दा बीभत्स विडम्बना अर्को के हुनसक्छ ?" उसले चरम असन्तुटि ओकल्यो ।

"भाइ त पत्रकार मान्छे । यस्ता संवेदनशील विषयमा शासक र जनतालाई सचेत र जागरुक बनाउने कर्तव्य त तपाईंहरूको पनि त हो नि !"

"हामीले हातै बाँधेरै बसेका त कहाँ छौं र दाइ। तर हेर्नुस् न दाइ योदेशको बिडम्बना । प्रशासक र काला व्यापारीहरूको चक्कर काटेर अँध्यारा कुनामा हात पसार्नेहरूले हामीलाई पनि बदनाम गरिसके । भएको सत्यतथ्य कुरा लेख्दा पनि बिलो नपाएर लेख्यो भन्छन् । फेरि आजभोलि विचारको प्रतिवाद विचारले हुदैन । ज्यानै मार्ने देखि तलका धम्की त आउनै छोडे । प्रहरीको राशन ठेक्का विवादको बारेमा चिरफार दैनिकमा प्रकाशित समाचारको विषयलाई लिएर आजभोलि मलाई दैनिक दुई तीन पटक फोनमा धम्की आउने गरेको छ । प्रहरीमा यो कुरा उठाउँदा लेख्नेबेला मनपरी लेखिस् आपत परेपछि पुलिस चाहियो । भ्रष्टाचारीसँग के को सुरक्षा माग्छस् भनेर उल्टै धम्क्याए। पुलिस र गुण्डाहरू बीचमा यो नङ मासुको सम्बन्ध देख्दा उदेकै लाग्यो दाइ मलाई । त्यो समाचारको खण्डन नगरे तीन दिन भित्र देखाइ दिने धम्की आएको छ दाइ मलाई । यो देशमा स्वतन्त्र पत्रकारिता गरेर बाँच्न नसकिने भयो दाइ । लोकतान्त्रिक वातावरणमा स्वतन्त्र प्रेसको अवधारणाले मूर्तता पाउला भन्ने ठानेका थियौं हामीले । तर वातावारण भ्रन्पछि भ्रन् नराम्रो हुन थाल्यो अलिकति निरास भावमा बोल्यो, ऊ ।

"यस्तै हो भने त यस्ता कुराहरूलाई तपाईंको सङ्गठन र राजनीतिक तहमा पनि पुयाउनु पन्यो नि !" मैले सुभ्राव दिए ।

"हाम्रो संगठनले के गर्ने ? सङ्गठनसँग न छुट्टै सेना छ न प्रहरी हाम्रो हतियारभनेको यही एउटा कलम हो । जति लडे पनि त्यहीं कलमले हो । कुरा राजनीतिको रह्यो नेताहरू दिनभर प्रेस स्वतन्त्रता र मानवाधिकारका गफ चुट्छन र कार्यकर्ताहरू दिनहुँ जसो पत्रकारहरूलाई कुटछन् । मार्छन् । कार्यकर्ताहरूले पार्टी विरोधीहरूलाई मार्ने र नेताहरूले बखी वार्ने अनि अलि बढी हल्ला भयो भने परिवारलाई दशलाखको काट्टो सुँघाएर सरकार दायित्व मुक्त हुने । यो चलन कहिलेसम्म चल्ने हो यो देशमा दण्डहीनताको पनि एउटा हद हुन्छ दाइ ।" आक्रोश पोख्दै बोल्यो, ऊ ।

"संक्रमणको समय भनेको यस्तै हो । धेरै अफ्ठ्यारा पार गर्नु पर्छ स्थिर ताको लागि । कुरा के पनि पत्यो भने शताब्दियौं दासताको जञ्जिरमा बाधिएका हामीले एकैपटक खुला वातावरण पाउँदा आफैलाई सम्हाल्न सकेनौ । आजन्म दाम्लामा बाधिएको भैंसीलाई एक्कासी दाम्लो फुकाइ दियो भने के हुन्छ ? ठिक त्यहीँ बंधुवा भैंसीको जस्तो नियन्त्रणहीन चरित्र प्रदर्शन भइरहेछ देशमा ।" मेरो प्रतिकृया थियो ।

"सरकार र विद्रोही एउटै पार्टी वा एउटै व्यक्ति कुन राजनीतिक सिद्धान्तमा पर्छ दाइ ? त्यस्तो राजनीतिक दर्शन त कुनै पाठ्यक्रममा पढे जस्तो लाग्दैन मलाई ।" उसले थप्यो । "दर्शन र सिद्धान्तहरू समयानुकुल बदलिंदै जान्छन् । हिजोका कुराहरू आज चल्दैनन् र आजका कुराहरू भोलि चल्दैनन् । हामीहरू पनि त समय अनुकूल चल्न नसकेको हुनसक्छ ।"

"हुन सक्छ र होला पनि । तर हाम्रो परिप्रेक्ष्यमा समस्याका मूल कारणहरू अरु नै छन् जस्तो लाग्छ दाइ मलाई । यो हाम्रो छ नि जातीयता क्षेत्रीयता, धर्म, सम्प्रदाय, यो पनि नागरिकहरूको मानसिकता विभाजनको एउटा कारण हो दाइ । यो जातपात नभइ दिएको भए दलित र अभिजात वर्गमा समाज विखण्डित हुने थिएन। हिमाली भेगकाको पहाडीसँग अथवा मधेशीसँग बिहावारी चल्थ्यो । चुच्चे नाक भएकाको थेप्चा नाक भएकासँग नाता कुटुम्ब गाँसिन्थ्यो । आपसमा नाता कुटुम्ब परे पछि आफन्तकै विरुद्ध हिंसामा उत्रन मान्छेलाई कठिन पर्थ्यो । ल अरु केही नभए जातीय, क्षेत्रीय सद्भाव त बन्थ्यो ।"

एकैछिन रोकिएर उसले थप्यो "युगको आवश्यकता भनको जात, धर्म वर्ण, र लिङ्गका आधारमा समाज विखण्डन होइन । शोषणविहीन अवस्थामा कुन जात, कुन धर्म, कुन वर्ण र कुन लिङ्ग छ ? पुरुषले पुरुषमाथि विभेद गरेको छैन कि ? महिलाले महिलामाथि विभेद गरेको छैन कि ? मान्छेहरू आफ्नै सजातीयहरूबाट उत्पीडित छैनन् कि ? हिन्दू हिन्दूबाट र मुस्लिम मुस्लिमबाटै शोषित छैनन् कि ? हरेक धर्म, वर्ण, जात, र सम्प्रदायमा सामाजिक विभेद छ, शोषण र अन्याय अत्याचार छ । कथित कुलिन वर्गले गरिव वर्गमाथि चरम शोषण गरेकै छन् ।" मिस्टर एलर्जी दर्शन छाट्न थाल्यो । उसका कुरा मलाई मन परेका छन् छैनन् त्यो उसको सरोकारको विषय होइन । उसका अनुभूतिहरू ननिर्खिएसम्म उसले यसैगरी प्रलाप गरिरहन्छ । उसको यो धाराप्रवाह प्रलापमा रोक लगाउन खोज्नेसँग सके मुकामुड्की नभए वाक्युद्ध सुनिश्चित भएकाले चुपचाप उसका कुरा सुनिरहन्छु र मेरो यस कमजोरीको घोर दुरुपयोग गरिरहन्छ, ऊ ।

"आफ्नो घर बनाउन नसक्नेले पल्लो घरले घाम छेकिदियो भनेर सत्तेसराप गर्दैमा न त आफ्नो घर बन्छ, न त पल्लो घर ढल्छ । देश चलाउने जिम्मा लिएकाहरूले आकाशबाट असिना परे पनि प्रतिगमन, हिउँदमा हिउँ भ्ररे पनि प्रतिगमन् भनेर दायित्व विमुख हुन पाइन्छ ? देशमा अहिले पनि त उस्तै छ । नोकरी पदमा हुनेहरूका नातागोताले मात्र पाएका छन् । विकास यिनीहरूकै वरिपरि प्रदक्षिणा गर्दैछ । हुम्लाका सुदूर गाउंमा गएर हेर्नुस् दाइ, सिटामोल कस्तो हुन्छ त्यहांका मानिसले देख्नसम्म पाएका छैनन् । जनता प्राथमिक उपचारका अभावमा अकाल मृत्यु मरिरहेका हुन्छन् । स्वास्थ्य सेवा विभाग अज्ञात रोगका कारण फलाना जिल्लामा यति जनाको मृत्यु भन्ने समाचार सञ्चार माध्यमबाट फुकाएर दायित्व पुरा भएको ठान्छ । यस्तो पनि हुन्छ ? हिजो पनि त्यस्तै आज पनि त्यस्तै र भोलि पनि त्यस्तै । कहिलेसम्म चल्ने यस्तो चलन ?"

मानौं यी सबै विसङ्गतिको कारण म होउँ । ऊ यसै हिसाबले मसँग आक्रोश पोखिरहेको छ । हुन पनि यस्तै त भइरहेको छ यो देशमा । भोको पेटलाई भाषण र रोग निदानका लागि गोष्ठी त यहाँको राजनीतिको संस्कृति नै भइसकेको छ । "मान्छे शान्ति शान्ति भनेर रडाको मच्चाउँछन् । के हो हँ शान्ति ? कस्को लागि शान्ति ? कथित शान्तिका नाममा अब पनि अन्याय अत्याचार, उत्पीडन दमन चुपचाप सहनु ? अथवा मान्छेका हक अधिकार दिन दहाडै लुटिंदा एकै शब्द नबोली टुलुटुलु रमिते भइरहनु ? त्यस्तो पनि शान्ति हुन्छ ? कति वकवास गर्छन यी शान्तिको ठेक्का लिएर बसेका कथित शान्तिगामीहरूदेश भोक, रोग र शोषणको जाँतोमा पिल्सिएका बेला मठ मन्दिरमा गएर यति हल्ला खल्लाकासाथ बत्ती बाल्छन् मानौं उनीहरूले बत्ती नबालेका कारण देशमा अशान्ति फैलिएको होस् अथवा यति प्रचारबाजीकासाथ शान्तिका नाममा परेवा उडाउँछन्, मानौं उनीहरूले परेवा नउडाएकै कारण देशको शान्ति खल्बलिएको होस् ।"

चुपचाप उसको प्रलाप सुनिरहेको छु म। न हो भन्न सकिरहेको छु न होइन भन्न । मेरो यही निस्पृहताको भयानक उपभोग गरिरहेछ, ऊ ।

"हामी नेपालीहरू शताब्दियौं दासतामा बाँच्यौं, दाइ । त्यसैले हाम्रो आफ्नो कुनै आवाज छैन । मालिकहरूका आवाजमा सर्मथनका नारा मात्र लगाईरहयौं हामीले र त्यही प्रलापलाई राष्ट्रियता ठान्यौं । हाम्रो त्यो मानसिकता अहिले पनि ज्यू का त्यूँ विद्यमान छ । फरक यत्ति हो कि अहिले हाम्रा मालिक बदलिएका छन् । मैले भनि सके नि दाइ, हाम्रो मौलिक आवाज छैन। किन भने हामी जहिले पनि मालिकको आवाज बोल्छौं । अहिलेको यो राजनैतिक तरलता, अनिश्चितता र अन्यौलको कारण पनि यहीं हो दाइ ।"

बोल्दा बोल्दै उ टक्क रोकियो । नाडीमा बाँधेको घडी हेन्यो र भन्यो, "दाइसँग छलफल गर्नु पर्ने कुरा त कति छन् कति । तर समयले सधै बेइमानी गर्छ । एउटा गुनासो भने दाइसँग छ मेरो । मञ्च पाउनेहरूले आफ्ना कुरा मञ्चबाटै सार्वजनिक गर्छन् । तपाईं लेखकहरूले पनि मनका उद्वेगहरू सिर्जनाका माध्यमले पोख्नु हुन्छ । मिडिया कब्जा गरेकाहरूको कुरै गर्नु परेन। मौका पन्यो भने छोराको पास्नीको समाचारलाई हेडलाईन बनाइहाल्छन् । यिनीहरूका कलम र क्यामेरा, पहुँचवाला र सत्ताधारी या उनीहरूकै कृपापात्रहरूको सुमेरु प्रदक्षिणा गरिरहेको हुन्छ । यी सर्वसाधारण गाउँले, किसान मजदूरहरू छन् नि यिनका भावना र आवाजहरू कसले उठाई दिने ? यो दायित्व तपाई कवि लेखकहरूको हो । तर म देख्दैछु आजभोलि तपाईको कलम सुस्ताएको छ । तपाईहरूको कलम भनेको इतिहास निर्माणको औजार हो । यसलाई थन्क्याएर राखियो भने एउटा कालखण्डको इतिहास नामेट हुनेछ" यति भन्दै ऊ बाहिरियो ।

त्यसपछिका केही दिनसम्म उ मेरो कोठामा आएन। उसको उपस्थिति एक किसिमको एलर्जी महसुस गर्ने मलाई उसको अनुपस्थिति एकप्रकारको रिक्तता र शुन्यताजस्तै लाग्न थाल्यो । घरदेखि टाढा जागिर खान आएको मेरो कटक्कै मन खाने मान्छे पो को छ र यो ठाउँमा जे सम्बन्ध छन्, सबै स्वार्थका छन् । साँच्चै भन्ने हो भने ऊ जत्तिको मनखाने मान्छे पनि कोही छैन यहाँ मेरो । पत्तामा नजुट्ने र भ्रोलमा नडुब्ने मान्छे प्राय एकलकाँटे मानिन्छ, हाम्रो समाजमा । म त्यस्तै मध्येमा पर्दछु । धेरै दिन पछि ऊ आयो । उत्साहहीन अभिवादन टकारेर चुपचाप वस्यो । सधै आँधी तुफानको शैलीमा प्रस्तुत हुने उसको उपस्थितिमा यो शिथिलता किन र कसरी ? उदेक लाग्यो । धेरैबेर प्रतीक्षा गरिरहें, मैले । तर उसले आफ्ना ओठ खोलेन । मैले उसको अनुहारमा हेरें । ऊ व्यथित देखियो । अनुहारमा उदासीका भाव विनिमय भइरहेको प्रष्टै अनुभूत गर्न सकिन्थ्यो । "चियाको अर्डर भयो त ?" मैले कुराको प्रारम्भ गरे ।

"आज अन्तिम पटक दाइले नै मगाएको चिया खाउं दाइ । उसले भन्यो ।" सधैंको नियमिततामा यो परिवर्तन किन त ? फेरि चेहरा पनि निकै उदास र व्यथित देख्दैछु म । जिज्ञाशा राखेको थिए मैले ।

"मेरो जिन्दगी खतरामा छ दाइ । म कुनै पनि बेला मारिन सक्छु ।" गलेको आवाजमा बोलेको थियो ऊ ।

"समाजको खुला किताव अर्थात् मिस्टर एलर्जीको ज्यान खतरामा ?" मैले आश्चर्य व्यक्त गरें ।

"हो दाइ, ट्राफिकहरूले गाडीवालाहरूसँग पैसा असुलीरहेको देखेर हिजो बिहान म मुसुक्क हाँसे । साँभ्र एउटा लठैतले मलाई ज्यान मार्ने धम्की दियो ।" "राष्ट्रिय सहमतिमा नागरिकता अर्थात राष्ट्रियताको व्यापार भइरहेको देखेर मैले कथित राष्ट्रवादीहरूसँग यसको प्रतिकार गर्न अनुरोध गरें र चिरफार साप्ताहिकमा समाचार सम्प्रेषण गरे । भोलिपल्ट ज्यानै मार्ने अभिप्रायले म माथि साङ्घातिक आक्रमण भयो ।"

"मुला काटे मान्छे काटेका र काटिरहेकाले मानवाधिकारको ठेक्का लिएको सुहाउँदैन । एउटा कार्यक्रममा मैले यत्तिमात्र के भने कार्यक्रम समापनको लगत्तै मेरो नाक कारवाहीमा पन्यो ।"

"मैले कर छलेर आर्थिक आयतन वृद्धि गरिरहेका केही नामहरू एउटा पत्रिकामा सार्वजनिक गरैं । उनीहरूले मेरो ज्यानको विरुद्ध सुपारी दिए । भन्नुस दाइ के म यो देशको बरबादी रमिते बनेर टुलुटुलु हेरिरहुँ ?'

"त्यस्तो हो भने यो कुरा प्रहरी प्रशासनमा लैजानुस् ।" मैले सुभ्राव दिए । मेरो सुभ्राव सुनेर ऊ फिस्स हाँस्यो र भन्यो, "बगरेसँग जीवनदान माग्नुको कुनै अर्थ हुन्छ र दाइ ?"

"एकपटक प्रयास त गर्नुस् । त्यतिगर्दा पनि भएन भने यो विषय जनस्तरमा लैजानुस् । सडक तताउनुस् । पत्रकार सम्मेलन गर्नुस । मानव अधिकारवादी संघसंस्था गुहार्नुस् । तपाईजस्तो मान्छे जीवनदेखि यतिविधि निरास हुनु हुँदैन ।" मैले उसको हिम्मत बढाउने प्रयत्न गरें ।

"म बाँच्ने हरसम्भव प्रयत्न गरिरहेको छु दाइ । तर मलाई यो समाजले वांच्नै नदिने भयो ।" यति भन्दै ऊ बाहिरियो ।

मिस्टर एलर्जी अभ्रै बढी खुस्किएछ, ऊ गएपछि मैले यस्तै सोंचे ।

त्यस्को केहीदिन पछिको कुरा हो डेराबाट अफिस जाँदै थिए । जिल्लाको सरकारी अस्पताल अफिस जाने बाटोमै पर्दथ्यो । अस्पतालको कम्पाउण्डमा मानिसहरूको ठूलो भीड लागेको थियो । स्वाभाविक उत्सुकतावस् म पनि त्यतै लागें । मैले देखें थुप्रै मानिसहरू पाखुरामा कालो पट्टी र छातीमा मिस्टर एलर्जीको फोटो टाँसेर ऊ माथि भएको बर्बर आक्रमणको विरोध गरि रहेका थिए । मैले थाहा पाएं हिजो साँभ्र ऊ होटलबाट खाना खाएर कोठामा फर्कदै गर्दा केही मुखुण्डोधारीबाट ऊ माथि साङ्घातिक आक्रमण भएछ र अस्पलाल पुन्याउन नपाउँदै बाटैमा उसको मृत्यु भएछ । यतिवेला उसको लाश पोष्टमार्टम गरिदै रहेछ र त्यसपछि उसको शव अन्तिम श्रद्धाञ्जलीका लागि एकघण्टा चोकबजारमा राखी बजार परिक्रमा गराएर अन्त्येष्टि गरिने कार्यक्रम बनाइएको रहेछ । यो सुनेपछि मलाई अफिस जान मन लागेन । म त्यहाँ बसिरहन पनि सकिन । कुन शब्दमा अन्तिम श्रद्धाञ्जली दिउँ म मिस्टर एलजीलाई । उसले जे बोल्थ्यो सत्य बोल्थ्यो । उसले जे लेख्थ्यो सत्य लेख्थ्यो । हिजै साँभ्र त हो मिस्टर एलर्जी र मेरो भेटघाट भएको क्षुब्ध र थकित मानसिकताका साथ म कोठामा फर्के ।

पहिले पहिले केही पत्रिकाहरूमा आफ्ना लेखहरू छपाउने गर्थे, म । तर विगत केही महिनादेखि यो जांगर पनि मरेर गएको थियो । म सुस्ताएको विषयमा मिस्टर एलर्जी बारम्बार कुरा उठाउथ्यो र यत्तिको कलम चल्ने मान्छेले कलम रोक्नु हुँदैन भनेर कर गर्थ्यो । मिस्टर एलर्जीलाई फूलको थुङ्गा चढाएर श्रद्धाञ्जली दिनुभन्दा उसको स्मृतिमा केही लेख्नु उचित लाग्यो । नियाम्रो मनले उसको निर्भिक चरित्र, उसको लेखकीय मूल्य एवं नेपालको छापा पत्रकारितामा उसको योगदानको स्मरण गदै उसका हत्याको भर्त्सना सहितको लेख लेखेर पठाएँ ।

मेरो स्मरणात्मक लेख पत्रिकामा छापिएको भोलिपल्ट बिहान ट्वाइलेटबाट फर्केर कोठामा छिर्ने क्रममा ढोकामाथि एउटा कम्प्युटर टाइप भएको सूचना टाँगिएको देखें । आँखा उत्सुकतावस त्यतै केन्द्रित भए, त्यसमा लेखिएको थियो, "अब तेरो पालो ।"

*(साभारः 'विवरुका कथाहरू' बाट)*

कविता

## शब्दको जहर

ईश्वरवल्लभ

कविता पनि त
एउटा क्षोभ हो, तृष्णा हो
आदिवासी गुफा हो, र
भित्रसम्म ओर्लिन्छ, छुन खोज्छ
अक्षरहरूको भ्रान्ति चाक्षुष पन्नामा
मनमा तर
आभासहरूलाई छुन खोज्छ
अनुभव र आस्थाको सङ्गमर्मर
तोड्न खोज्छ
त्यसैले कहिले त अत्यन्त पीडा हो
अभ्यन्तरको निरीहता
निर्मम एकाकीपन,
निर्भय गहिराइ र अँध्यारोपन
जुन आद्य जङ्गल हो
केही नितान्त नाङ्गै परिधानहीन उभिन्छ,
आवरण छैन
कुनै कवच र
कुनै त्राण छैन,
भर्खरै आमाको गर्भबाट जन्मेको मेम्ना
सानो र मसिनो तृणले पनि
देह गहिरो बेध्छ
मासु बेध्छ, उसको
अरुणा लामाले मलाई सोध्थिन्-
किन मलाई सबैले दुःखी गीत मात्रै दिन्छन् ?
उनका पीडाको दुःख मलाई बोकाउँछन् ?
दाइ, उनका अक्षरहरूले मलाई सधैँ बेध्छन् ।
म पनि त
आह्लाद गाउन सक्छु । भन्थिन् ।
तर आफैँ पराई शब्दको जहरले निरन्तर
क्षतविक्षत छु

शब्दको जहरले विदीर्ण छु
आहत छु
विषपायी म, नीलकण्ठ पनि म
अक्षर बेध्छ म
अक्षर नै आज्तेकजस्तो
नितान्त क्रूर र सामन्त !
त्यसैले कवयित्री मोमिला पनि भन्छिन्-
'मेरो मन आदिवासी'

सायद यस्तै
त्यसैले म र मेरो जम्मै
अस्तित्व पनि आदिवासी ।
अक्षरले अचेल मलाई तीखो झीर घोच्छ
निरोको आगो र भ्वाइलिनको स्वर
अनि रोम सहरको मोन्टाज, इतिहासको
मेरै कविताले मलाई बेध्छ
आदिवासी मन बेध्छ ।

## जनयुद्धको एक भ्रलक

खेमराज ढुंगाना

दुई हजार अन्ठाउन्न साल मार्ग आठ गतेका दिन
आएछ काल स्याङ्जाका प्रहरीहरु लिन
माओवादी ग्रुपका लडाकुहरु साथमा
हतियार लिई आएछन् काल बनी मध्य रातमा
जिल्ला प्रहरी कार्यालय चारैतिर घेरा दिइ
कार्यालयमा भएका भाग्न उम्कन नदिइ
मकै भुटभ्रै भुटुटु गोली हानी भुटिदिए
दर्जनौं प्रहरीजनको क्षणभरमै प्राण लिए
मरे हवल्दार यूवराज ढुंगानासहित अरु
साना ठूला दर्जाका थिए त्यहाँ प्रहरीहरु
सैनिक प्रहरी अनि शिक्षक विद्यार्थी पनि
कर्मचारी, क्रियापुत्री ,सुत्केरी, विरामी अनि
जिउँदै आगोमा खाल्डोमा हालेर नि मारिदिए
कुटपिट गरेर थिचेर काटेर नि मारिदिए
साधारणजनलाई पनि बाँकी कहीं नराखेर
जंगल वा खोलामा कहीं फालिदिए नि मारेर
यसैगरी देशैभरि जनयुद्ध भनिकन
माओवादी अपराधी भई मारिदिए धेरै जन
देशको धनजनको धेरै विनाश गरिदिए
भवन पूल आदि संरचना धेरै ध्वस्त पारिदिए
माओवादी जनयुद्ध दशौं वर्ष बितिगयो
अन्तिममा सरकार र माओवादी शान्ति सम्भ्रौता नि भयो
जनतालाई सम्भ्रौताको अर्थ बल्ल थाहा भयो
देशमा तन्त्र तन्त्रैको सम्भ्रौता पो रहेछ यो
लोकतन्त्र भोकतन्त्र गणतन्त्र षड्यन्त्र
लुटतन्त्र छुटतन्त्र माओतन्त्र खाओ यन्त्र
तन्त्र मन्त्र भएपछि स्वती शान्ति हुने भयो
हेर्नु बुद्धिजीवी वर्गले देशको स्थिति कहाँ गयो ।

*बुटवल*

# नागरिक अधिकारप्रति संवेदनशिल हुन सरोकारवालाको आग्रह

बुटवल । नागरिक तथा राजनीतिक अधिकार केही प्राप्त भैसकेकोले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारका विषयमा थप काम गर्न सरोकारवालाहरुले इन्सेकलाई आग्रह गरेका छन् ।

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२५ का लागि रुपन्देहीमा अभिलेख गरिएका घटनाहरुको प्रकाशन पूर्व इन्सेक रुपन्देहीले असार १३ गते बुटवलमा आयोजना गरेको अर्ध वार्षिक समीक्षा कार्यक्रममा सरोकारवालाहरुले यस्तो कुरा बताएका हुन । समीक्षा कार्यक्रममा इन्सेक रुपन्देही जिल्ला प्रतिनिधि रीमा बि.सीले सन् २०२४ को जनवरीदेखि जुनसम्म रुपन्देहीमा ३ सय ४२ ओटा मानव अधिकार उल्लंघन तथा ज्याजति सम्बन्धी घटना अभिलेख गरिएको जानकारी दिइन ।

जसमा बालबालिकासम्बन्धी बलात्कारका २४ वटा, यौन दुर्व्यवहारका ८ वटा गरी जम्मा ३२ वटा, महिलासम्बन्धी बलात्कार १३ वटा र बलात्कार प्रयास ३ वटा गरी जम्मा १६ वटा गरी जम्मा ४८ वटा रहेका छन् । मानव बेचबिखन तथा ओसार पसारका ४ वटा, पारिवारिक हत्या २ वटा, बालक हत्या परिवार १ जना, बालक बलात्कार १, बहुविवाह २ जना, आत्महत्या दुरुत्साहन २ जना र घरेलु हिंसाबाट २ सय ८२ जना पीडित रहेको इन्सेकले अभिलेख गरेको छ ।

इन्सेक रुपन्देहीले माथि उल्लेखित घटना बाहेक जिल्लामा ज्येष्ठ नागरिकलाई राष्टिय परिचय पत्र अनिवार्य गर्ने नाममा हैरानी खेपेको, वैदेशिक रोजगारीमा समस्या, सार्वजनिक यातायातमा अपाङ्गता भएका व्यक्ति तथा माहिला र बालिकामाथि सम्मानित र मर्यादित व्यवहार नभएको, किसानले समयमा मलखाद र बीउ नपाएको जस्ता समस्याहरु भएको, पछिल्लो समय साइवर क्राइमका घटनाहरु समेत बढन थालेको जनाएको छ ।

समीक्षा कार्यक्रममा मन्तव्य राख्दै इलाका प्रहरी कार्यालय डीएसपी विजयराज पण्डितले मानवअधिकारको संरक्षण, प्रवर्द्ध नगरी पीडितलाई न्यायमा पहुँच पुर्‍याउनका लागि प्रहरीले संवेदनशिल भएर अगाडि बढेको बताउँदै प्रहरी अग्रह पंक्तिको रक्षक भएकोले मानव अधिकारप्रति गम्भीर रहेको बताए ।

डीएसपी पण्डितले नेपाल प्रहरी मानवअधिकारको विषयमा गंभिर भएर अगाडि बढिरहेको बताउँदै गैरराज्य पक्षबाट हुने घटनाहरु वढेकोले नागरिकलाई सचेत बनाउनुपर्नेमा अबका छलफलहरु तय गर्नुपर्ने बताए । उनले प्रहरीले शून्य यातनामा विश्वास गरेको सोहीअनुसार अगाडि बढिरहेको बताउँदै सूचना दिनेक्रममा दिन मिल्ने सूचना प्रहरीले दिने गरेको राज्यको अंग भएको कारणले आरोपित व्यक्तिहरुको मानवअधिकारको विषयमा पनि आफूहरु गंभिर भएर अगाडि बढेको जनाए । साधन श्रोतको हिसाबले प्रहरीहरु अस्थायी युनिटको रुपमा राखिएकोले त्यसमा बजेट केही हुँदै । पालो गेरर सुत्नुपर्ने बाध्यतामा प्रहरीले सेवा दिइरहेको उनले जनाए ।

कार्यक्रममा उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्यालले मानवअधिकारको सूचकांकको अवस्थालाई हेरेर धारणा बनाउन नहुने भन्दै मानवअधिकारको सवालमा खाद्य अधिकारका विषयमा अखाद्यवस्तुको मिसावट गर्नु मानवअधिकार विरुद्धको कार्य भएकोले यस्ता विषयमा पनि इन्सेकले अनुगमनलाई ध्यान दिनुपर्ने औंल्याए । कार्यक्रममा नेकपा एमालेका जिल्ला अध्यक्ष यज्ञ गैरेले जिल्लामा मानवअधिकारको अवस्थाको हिसावले दुईवटा पाटाबाट हेर्नुपर्ने भन्दै घटना नघटुन भन्नका लागि सचेतनाका कार्यक्रम संचालन र घटनाका आरोपितहरुलाई कानूनी दायरामा ल्याउने खालका कार्यक्रमहरु महत्वपूण रहेको बताए ।

अध्यक्ष गैरेले जिल्लाको सम्पूर्ण सुरक्षाको जिम्मेवारी लिने निकाय जिल्ला प्रशासन कार्यालय भएकोले जिल्लाका मानवअधिकारकर्मीहरुको आधारभूत मानवअधिकारको प्रत्याभूत गराउन जिल्ला प्रशासन जवाफदेहि हुनुपर्ने बताए । मागेर सेवा दिन नसकिने भन्दै यसका लागि राजनीतिक दलको भूमिका राज्यलाई घचघच्याउने भएकोले नेकपा एमालेको तर्फबाट मानवअधिकारको संरक्षण र प्रवर्द्धनका लागि सधैँ सक्रिय र संवेदनशिल रहने प्रतिबद्धता व्यक्त गरे ।

# मणिमुकुन्दमा एसईई उत्तीर्ण विद्यार्थीलाई सम्मान



बुटवल । बुटवल-११ योगीकुटीमा रहेको मणिमुकुन्द माद्यामिक विद्यालय/कलेजले एसईई उत्तीर्ण विद्यार्थीहरूलाई बधाई तथा शुभकामना कार्यक्रम सम्पन्न गरेको छ । विद्यालयले शुक्रबार एक कार्यक्रमकाबीच एसईई उत्तीर्ण विद्यार्थी तथा अभिभावकहरूलाई बधाई तथा सफलताको शुभकामना दिएको हो ।

२०८० सालको एसईई परीक्षामा सहभागी २८ जना विद्यार्थी सतप्रतिशत उत्तीर्ण गराउन सफल मणिमुकुन्द माविकि छात्रा रोज कामुले उत्कृष्ट जीपीए ३.८७ प्राप्त गरेकी छन् । मणिमुकुन्द कलेजका प्राचार्य टुकबहादुर क्षेत्रीको सभापतित्वमा सम्पन्न कार्यक्रममा मणिमुकुन्द कलेजका सञ्चालक उमापति न्यौपाने, मणिमुकुन्दका विद्यालय संयोजक हरिप्रसाद पौडेल, शिक्षक प्रकाश सुवेदी, अभिभावक शारदा सुवेदी, विद्यार्थी शशि बुढाथोकीलगायतले मणिमुकुन्द मावि तथा कलेजले प्राप्त गरेका उपलब्धि र भविष्यको योजनाबारे आ-आफ्नो भनाइ राखेका थिए ।

विद्यालयबाट ३.७४ देखि ३.८७ सम्म ल्याउने ५ जना,३.६ भन्दा तल ३.२ भन्दा माथि ल्याउने १५ जना र २.८५ देखि ३.२ सम्म ल्याउने ८ जना रहेको मणिमुकुन्द माविका विद्यालय संयोजक हरिप्रसाद पौडेलले जानकारी दिए । कार्यक्रममा कलेजका प्राचार्य टुकबहादुर क्षेत्रीले स्थापनाको छोटो समयमै विद्यालय र कलेजले उत्कृष्ट नतिजा दिँदै आएको बताउँदै यहाँबाट उत्तीर्ण भएका विद्यार्थीहरूले एमबीबीएस, इञ्जिनियरिङलगायतका विषय अध्ययनका लागि पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल भएको बताए ।

२०८० सालमा नेपाल सरकारले लिएको मेडिकलतर्फको प्रवेश परीक्षामा एकैपटकमा सात जनाले एमबिबिएसमा छात्रवृत्ति प्राप्त गरेका छन् भने यसै वर्ष इञ्जिनियरिङमा छ जना, एप्लाइड साइन्समा तीन जना, नर्सिङमा चार जना, बिएएमएसमा एक जनाले पूर्ण छात्रवृत्ति प्राप्त गरेका प्राचार्य क्षेत्रीले बताए ।

एकै शैक्षिक सत्रमा आएको यो नतिजा उपत्यका बाहिरको सर्वोत्कृष्ट भएको कलेजले दाबी गरेको छ । राष्ट्रिय परीक्षा बोर्डले सञ्चालन गरेको कक्षा १२ को वार्षिक परीक्षामा पप्पु बानियाँ र घनश्याम बेलबासेले नेपाल चौथो र पाँचौ स्थान ल्याएका छन् भने लुम्बिनी प्रदेशमा पटक-पटक उत्कृष्ट हुँदै आएको सहप्राचार्य दिवाकर खनालले जनाए ।

कलेजबाट उत्तीर्ण गरेका विद्यार्थीहरु अन्तर्राष्ट्रिय क्षेत्रमा समेत अब्बल भएको कुरा प्रथम एनालग अन्तरिक्ष यात्री ज्योति केसी, टिकटक प्रोग्राम इञ्जिनियर विरबहादुर खत्री, गुगलका इञ्जिनियर विशाल गौतमले प्रमाणित र हिमाल खबर पत्रिकाले गरेको सर्वेक्षणबाट नेपालका उत्कृष्ट ५० विद्यालयमा पटक पटक सूचीकृत हुनुले पुष्टि गरेको उनको भनाइ छ ।

बुटवल उपमहानगरपालिकाको सर्वेक्षण र मूल्याङ्कनमा पनि मणिमुकुन्द क वर्गको विद्यालयमा सूचीकृत भएको छ ।

## एसईईमा...

उनले भने 'एनजी ल्याएका विद्यार्थीलाई मौका परीक्षामा सहभागी गराउने भन्ने मन्त्रीस्तरीय निर्णय भएको छ । त्यहीअनुसार हामीले सम्बन्धित निकायहरूलाई आवश्यक निर्देशनसहित पत्राचार गरिसकेका छौं ।'

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले बिहीबार सार्वजनिक गरेको नतिजाअनुसार २ लाख ४२ हजार ३१३ जना विद्यार्थी नन ग्रेड (एनजी)मा परेका छन् । यो संख्या परीक्षामा सहभागी ४ लाख ६४ हजार ७८५ विद्यार्थीको ५२.१४ प्रतिशत हो ।

बोर्डले लेटर ग्रेडिङ निर्देशिका, २०७८ अनुसार नतिजा सार्वजनिक गरेको हो । जसमा सैद्धान्तिक र आन्तरिकको मूल्याङ्कन फरक-फरक हुने व्यवस्था छ । विद्यार्थीले सैद्धान्तिकतर्फ हरेक विषयमा न्यूनतम ३५ प्रतिशत अंक ल्याउनुपर्छ । ७५ अंकको सैद्धान्तिक परीक्षा हुने विषयमा न्यूनतम २६.२५ अंक ल्याउनुपर्छ । त्यसमा आन्तरिकतर्फ २५ पूर्णांकको परीक्षामा भने ४० प्रतिशत अर्थात् १० अंक ल्याउनुपर्छ । लेटर ग्रेडिङ निर्देशिका अनुसार सैद्धान्तिक र आन्तरिकतर्फ प्राप्त अंकलाई ग्रेडमा रुपान्तरण गरिन्छ ।

तर विद्यार्थीले सैद्धान्तिकतर्फ ७५ पूर्णांकको परीक्षा हुने विषयमा ३५ प्रतिशत अर्थात् २६.२५ अंक पाएको छैन भने प्रमाणपत्रमा एनजी (नन ग्रेडेड) उल्लेख हुनेछ । र, ग्रेडवृद्धि परीक्षा नदिइ कक्षा ११ मा पढ्न पाउने छैनन् । निर्देशिकामा दुईभन्दा बढी विषयमा न्यूनमत ३५ प्रतिशत अंक नपाएका र ग्रेड वृद्धि परीक्षा दिँदा पनि ३५ प्रतिशत अंक ल्याउन नसकेका परीक्षार्थीले अर्को वर्ष एनजी लागेको विषयमा मात्र परीक्षा दिन पाउने व्यवस्था छ ।

तर, ठूलो संख्याका विद्यार्थीले मौका परीक्षामा सहभागी हुन नपाउने भएपछि मन्त्रालयले दोस्रो पटक निर्देशिका संशोधन गर्ने र सबै विद्यार्थीलाई मौका परीक्षामा सहभागी गराउने निर्णय गरेको हो । यसअघि निर्देशिकामा दुईभन्दा बढी विषयमा एनजी ल्याएका विद्यार्थीले अर्को वर्ष सबै विषयमा परीक्षा दिनुपर्ने व्यवस्था रहेको थियो । गत वर्ष निर्देशिका संशोधन गर्दै दुईभन्दा बढी विषयमा एनजी लागेकाले अर्को वर्ष परीक्षा दिनुपर्ने तर एनजी लागेका विषयमा मात्रै दिनुपर्ने व्यवस्था गरिएको थियो । यो वर्षको मौका परीक्षा साउनको १८ र १९ गते तोकिएको छ ।

## होटलमा...

यसरी सुरु भएको विमति अन्तत पांचै जना युवाहरु संगम पुन, विमस क्षेत्री, रोशन क्षेत्री थापा, प्रसान्त अर्याल, विश्वास क्षेत्री ति आशिसमाथि सामुहिक रुपमा कुटपिटमा उत्रिन्छन् ।

केही समयपछि प्रहरी आउँछ र घाइतेलाई अस्पताल पुर्‍याउँछ । त्यतिन्जेल कुटपिट गर्ने युवाहरु त्यहाँबाट फरार हुन्छन् , घटना यही थियो । पीडित आशिस पन्थले आफूमाथि अन्याय भएकोले न्याय पाउं भनि जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा मुद्दा दर्ता गर्न चाहन्छन्, तर पीडक संगम पुनका बुबा कुलेन्द्र पुनले आफ्नो राजनीतिक पावर लगाएर कुनै पनि हालतमा मुद्दा दर्ता नगर्न र मिलेको खण्डमा क्षतिपूर्ति समेत दिने आश्वासन समेत दिन्छन् । तर पीडितका बुवा चुरामणि पन्तले आफ्नो छोराको जीवनको सुरक्षासंग जोडिएको सवाल भएकोले यस्ता घटनामा मेलमिलाप नहुने भन्दै कुटपिटमा संलग्नमाथि कानुनी कारबाही हुनुपर्ने अडान कायम राखी एकहप्ता पछि भए पनि उनीहरु विरुद्ध ज्यानमार्ने उद्योगमा मुद्दा दर्ता गराएरै छाडे ।

मुद्दा दर्ता भएको दुईहप्ता बितिसक्दा पनि जाहेरी दिएका चारै जना पक्राउ पर्न सकेका छैनन्, सिसिटिभिको फुटेजमा देखिएको भन्दै प्रहरीले अर्को एकजना विश्वास क्षेत्री भन्ने व्यक्तिलाई पक्राउ गरेको छ ।

अन्य चार जनालाई खोजी कार्य जारी राखिएकोले छिट्टै पक्राउ पर्ने जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरिक्षक रंजित सिंह राठौरले बताए । पीडितका अनुसार ती युवाहरुलाई भैरहवाकै एक होटलमा धैरै दिनसम्म लुकाई राखेर पछि काठमाडौं भगाइएको पीडितको दाबी छ ।

प्रहरीले राजनीतिक दबाबमा परेर उनीहरुलाई पक्राउ गर्ने चासो दिएको छैन्,-आसिसका बुवा चुरामणि पन्थले भने । यो घटना सेलाउन नपाउँदै फेरि पर्यटकीय नगरीको रुपमा रहेको सिद्धार्थनगरभित्र रात्रिकालिन व्यवसायलाई संचालन गरिनु पर्ने आवाज उठेपछि यसमा प्रहरी प्रशासन लचिलो बनेको थियो । तर यस्ता घटनाहरु क्रमबद्ध घट्न थालेपछि सुरक्षा चुनौति भने थपिएको छ । रात्रिकालिन व्यवसायलाई सुरक्षित बनाउनका लागि प्रहरीले आगामी नयां रणनीति बनाउनु पर्ने आवश्यकता देखिएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रमुख प्रहरी उपरिक्षक राठौरले बताए ।

प्रत्येक होटलमा प्रहरी खटाउन सम्भव नहुने हुँदा होटल संचालकहरुले आफ्नो सुरक्षाका लागि आफैं पनि सुरक्षाको व्यवस्था मिलाउनु पर्ने एसपी राठौरको भनाइ छ ।

उनी भन्छन् -"बाउन्सर नियुक्ति गर्ने र अवान्छित गतिविधि गर्नेलाई समातेर प्रहरीलाई बुझाउने गर्न सकेमात्र यस्ता घटनामा कमी आउंछन् ।" घटनाका दोषीलाई कानुनी दायरामा ल्याएर कारबाही गरिने उनको भनाइ छ । कोभिडको मारपछि विस्तारै राहत महसुस गरिरहेका होटल व्यवसायीहरु जिम्मेवार व्यक्तिहरुबाटै यस्ता किसिमका घटना हुन थालेपछि चिन्तित भएका छन् ।

## हराउँदै...

असार १५ मनाउने तौर तरिकामा धैरै परिवर्तन आएको छ । हिजो दही चिउरा खाएर दिनभरि खेतमा काम गर्दथे भने अहिले केही ठाउँमा होटलको परिकार पस्कने गरिएको छ । २/३ घण्टा रमाइलो गरी जानेहरूको संख्या बढ्दै छ । गीतको भाखा पनि फेरिन थालेको छ । परिवर्तन त आयो, नयाँ किसिमले रमाइलो पनि भयो । तर यसको मौलिकता कतै लोप होला कि भन्ने आशङ्का उत्पन्न भएको छ ।

### यस्तो छ वैज्ञानिक कारण

हिउँदे अन्नबाली भित्राउँदा उत्पन्न हुने विभिन्न किसिमका भुसका कारणले स्वासप्रस्वासमा समेत प्रभाव पर्न जान्छ । यस्तो अवस्थामा दही चिउरा खाँदा त्यो भुस घाँटीमा रहेर इन्फेक्सन फैलाउन नसक्ने चिकित्सकहरू बताउँछन् ।

उनीहरू पहिलेदेखि चलिरहेका कुराहरूमा कुनै न कुनै वैज्ञानिक आधार भएको बताउँदै असार १५ मनाउँदा मानव स्वास्थ्यमा समेत राम्रो प्रभाव पर्ने फिजिसियन चिकित्सक डा. महेश घिमिरेले बताए । उनले असार १५ मा दही चिउरा खाने प्रचलनले पाचन प्रणालीलाई फाइदा पुग्ने कुरा सबैसम्म जानकारी नभएको आफूले महसुस गरेको उल्लेख गरे ।

दहीको प्रयोगले शरीरमा निकै फाइदा पुग्ने बताउँदै उनले दहीमा पाइने प्रोटिन, क्याल्सियम, राइबोफ्लेबिन, भिटामिन बी जस्ता पोषक तत्वका कारण स्वास्थ्यका लागि फाइदाजनक हुने बताए ।

उनका अनुसार दही मुटुको समस्या र उच्च रक्तचापका बिरामीलाई फाइदाजनक मानिन्छ । पेटसम्बन्धी समस्या हुनेलाई दहीको सेवन अत्यन्त उपयोगी मानिन्छ । अरुचिको समस्या भएकालाई दहीको सेवन गरेमा भोक लाग्न थाल्दछ । आन्द्रा तथा पेट सम्बन्धी रोगहरूमा दहीको नियमित सेवनले फाइदा पुर्‍याउँछ ।

दहीको सेवनले उच्च रक्तचाप नियन्त्रणमा सघाउ पुर्‍याउँछ । दहीको नियमित सेवनले कोलेस्ट्रोल स्तर बढ्नबाट रोक्दछ । मुटुको धड्कन बढ्ने समस्यामा पनि दहीको सेवन लाभदायी हुन्छ ।

दहीको सेवनले हड्डीहरूको विकासमा सहयोग पुर्‍याउँछ । दाँत, नङ बलियो पार्न पनि दहीको सेवन उपयोगी हुन्छ । अनिन्द्राका समस्या भएकाहरूले दैनिक एक कचौरा दही खाएमा राम्रो निन्द्रा पर्न थाल्दछ । दैनिक दही खाँदा पाचन प्रक्रिया राम्रो बनाउन सहयोग पुर्‍याउँछ ।


**राष्ट्रिय बीमा कम्पनी लिमिटेड**
प्रधान कार्यालय, रामशाहपथ
काठमाडौं

**शाखा कार्यालय भैरहवाका लागि घर भाडामा लिने बारे सूचना**

(प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०८१/०३/१५ गते)

यस कम्पनीको शाखा कार्यालय भैरहवा अन्तर्गतको नेपाल आयल निगम भलवारी काउन्टरको लागि तपसिल बमोजिम सुबिधा भएको घर भाडामा लिन आवश्यक भएको हुँदा यो सूचना स्थानीय पत्रिकामा प्रथमपटक प्रकाशित भएको मितिले ७ (सात)औं दिनको ३:०० (तीन बजे) (सो दिन बिदा परेमा कार्यालय खुलेको पहिलो दिन) भित्र घर भाडामा दिन इच्छुक घर धनी/संस्था/कम्पनीबाट सिलबन्दी प्रस्ताव आह्वान गरिन्छ । रितपूर्वक म्यादभित्र प्राप्त हुनआएका प्रस्तावहरू म्याद समाप्त भएको भोलिपल्ट दिनको २:०० (दुई) बजे (सो दिन बिदा परेमा कार्यालय खुलेको पहिलो दिन) प्रस्तावकहरूको रोहवरमा यस कम्पनीको भैरहवा स्थित कार्यालयमा खोलिने छ । सो समयमा कुनै प्रस्तावकहरू उपस्थित नभएमा पनि सिलबन्दी प्रस्ताव खोल्न बाधा पर्नेछैन ।

१. घर आवश्यक क्षेत्रः– तिलोत्तमा नगरपालिका स्थीत भलवारी चोक नेपाल आयल निगम भलावरी डिपो देखि १०० मिटर सम्मको दूरीमा दाया बाँयामा मुल सडकसंगै जोडिएको घर ।
२. भाडामा लिन खोजेको घरको प्रकृति, क्षेत्रफल र अन्य आवश्यक विवरणः–
(क) कार्यालय रहने उपयुक्त वातावरण/परिसर भएको हुनु पर्नेछ ।
(ख) घर कम्तिमा दुई कोठा वा खालि स्पेश भएको दोश्रो तल्लाको हुनु पर्नेछ ।
(ग) घरसम्म जाने मोटर बाटो हुनु पर्नेछ ।
(घ) घर परिसरमा मोटरहरू पार्किङ्ग गर्न सकिने पर्याप्त पार्किङ्ग क्षमता तथा व्यवस्था भएको हुनु पर्नेछ वा कम्तीमा दुई वटा मोटरसाईकल पार्किङ गर्न मिल्ने हुनु पर्नेछ ।
(ङ) पानी तथा ढल, बिजुली आदिको पर्याप्त व्यवस्था भएको हुनु पर्नेछ ।
४. प्रस्ताव पेश गर्ने तरिका र पेश गर्नुपर्ने न्यूनतम विवरणः– घर रहेको जग्गाको जग्गाधनि प्रमाणपूर्जा, तिरो तिरेको रसिद र नक्सा पासको फोटोकपीसहित भाडामा दिन चाहेको मासिक भाडादर अङ्क र अक्षरमा समेत खुलाई घर जग्गा धनीको नाम, ठेगाना, सम्पर्क नम्बरसमेत उल्लेख गरी सिलबन्दी दरखास्त (प्रस्ताव) दिनु पर्नेछ ।
५. प्रस्ताव दाखिला गर्ने स्थानः कम्पनीको शाखा कार्यालय, भैरहवा शाखा ।
६. घर भाडा भुक्तानी सर्तहरू र करकट्टी विवरण :– मासिकरूपमा भाडा रकम भुक्तानी गरिने र भाडा भुक्तानी गर्दा नियमानुसार अग्रिम करकट्टी गरी भुक्तानी गरिनेछ ।
७. तोकिएको म्याद नाघी आएका वा रितपूर्वक नआएका दरखास्त उपर कुनै कारवाही गरिने छैन । घर भाडामा लिने वा नलिने सम्पूर्ण अधिकार कम्पनीमा निहित रहनेछ ।

बिस्तृत जानकारीका लागिः
**राष्ट्रिय बीमा कम्पनी लि.**
शाखा कार्यालय, भैरहवा
फोन नं.:०७१ ५७०४१६ ५७१६९७



**नेपाल नेत्र ज्योति संघ**
**लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान तथा अनुसन्धान केन्द्र**
**श्री रण अम्बिका शाह आँखा अस्पताल**
**सिद्धार्थनगर-३, भैरहवा**

**सर-सफाईको बोलपत्र आह्वान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०८१/०३/१५

यस लुम्बिनी नेत्रबिज्ञान अध्ययन संस्थान तथा अनुसन्धान केन्द्र/श्री रण अम्बिकाशाह आँखा अस्पतालमा सर-सफाई कार्य २ (दुई) वर्षका लागि सेवा करार ठेक्का बन्दोबस्तबाट गराउनुपर्ने भएकोले सर-सफाई कार्य गर्नको लागि दर्ता भएका रजिस्टर्ड फर्म/कम्पनीहरुले यस संस्थानबाट उपलब्ध गराइने फारम भरेर शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले एक्काईस (२१) दिनभित्र रु. ३०००।-(फिर्ता नहुने गरी) लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थानकोनाममा रहेको लक्ष्मी बैक लि. भैरहवा शाखाको खाता नं. ०१७११०१६५३१ मा रकम जम्मा गरेको भौचर वा राजस्व बुझाएको रसिद सहित निबेदन पेश गरेमा यस अस्पतालको प्रशासन शाखाबाट प्राप्त गर्न सकिन्छ ।
२. खरिद गरेको बोलपत्र रितपूर्वक भरी पुनःप्रकाशित भएको मितिले २२ औं दिनको १२:०० बजे भित्र लुम्बिनी नेत्रविज्ञान अध्ययन संस्थान तथा अनुसन्धान केन्द्र/ श्री रण अम्बिका शाह आँखा अस्पताल भैरहवाको प्रशासन शाखामा दर्ता गराई सक्नु पर्नेछ । दर्ता भएको बोलपत्रहरु २२ औं दिनको २:०० बजे पश्चात् जिल्ला प्रशासन कार्यालय प्रतिनिधि, बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस संस्थानमा खोलिनेछ । बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।
३. बोलपत्र बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।
४. बोलपत्रदाताले कबोल गरेको दररेट अंक र अक्षरमा केरमेट नगरी स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ, केरमेट भई आएको बोलपत्र स्वीकार्य हुने छैन ।
५. बोलपत्रदाताले बोलपत्र खरिद गर्दा सम्बन्धित कार्यालयको आधिकारिक दस्तखत र कार्यालयको छाँप लागेको बोलपत्र फाराम खरिद गर्नुपर्नेछ ।
६. बोलपत्रदाताले कुल ठेक्का अवधिको (२ बर्षको) कबोल गरेको रकमको २.५% हुन आउने रकम लुम्बिनी नेत्रविज्ञान अध्ययन संस्थानको लक्ष्मी बैक लिमिटेड भैरहवा शाखाको चल्ती.खाता. नं. ०१७११०१६५३१ मा जम्मा गरेको सक्कल रसीद वा "क" बर्गको बाणिज्य बैकको ९० दिन म्याद भएको यस कार्यालयको नाममाबिड बोन्ड बोलपत्र साथ संलग्न राखी पेश गर्नु पर्नेछ । वोलपत्रस्वीकृत भएको वोलपत्रदाताले कुल ठेक्का अवधिको (२ बर्षको) कबोल गरेको रकमको ५५ ले हुन आउने रकम परफरमेन्स बोण्ड बापत लुम्बिनी नेत्रविज्ञान अध्ययन संस्थान तथा रिसर्च सेन्टरको लक्ष्मी बैक लिमिटेड भैरहवा शाखाको चल्ती.खाता. नं. ०१७११०१६५३१ मा रकम जम्मा गर्नु पर्नेछ ।
७. बोलपत्र खरिद गर्दा बोलपत्रदाताले सम्बन्धित कार्यालय वा कम्पनीमा सरसफाई सम्बन्धी कार्यको लागि दर्ता भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर (VAT), को दर्ता प्रमाणपत्र नवीकरण भएको प्रतिलिपि र आ.व.०७९।०८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि अनिवार्य समावेश गर्नु पर्नेछ ।
८. नेपाल सरकारलाई तिर्नुपर्ने सम्पूर्ण करहरु बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
९. बोलपत्रदाताले आफ्नो कामदारलाई नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिकमा नघटने गरी उपलब्ध गराउनु पर्नेछ ।
१०. अस्पतालले तोकेको क्षेत्रमा सरसफाई गर्नु पर्नेछ । सरसफाईकर्मीलाई स्वीकृत बोलपत्रदाताले पोशाक तथा परिचयपत्र अनिबार्य उपलब्ध गराउनु पर्नेछ ।
११. बोलपत्रदाताले श्रमिक आपूर्तिकर्ता ईजाजतपत्र प्राप्त गरेको प्रमाण पत्र अनिवार्य रुपमा समाबेश गर्नु पर्नेछ ।
१२. सरसफाईको हकमा कम्तिमा १० जना पुरुष, १३ जना महिला सहित २३ जना सफाईकर्मी हुनुपर्नेछ ।
१३. रीत नपुगी प्राप्त हुन आएको वोलपत्र उपर कुनै कारबाही हुने छैन ।
१४. सरसफाई कार्यको कम्तिमा ३ वर्ष सम्बन्धित क्षेत्रमा कार्य गरेको अनुभव प्रमाणहरु पेश गर्नुपर्ने छ ।
१५. प्राप्त हुन आएका बोलपत्र स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार अस्पतालमा निहित रहनेछ ।
१६. बोलपत्रदाताले बोलपत्र फारममा तथा शर्तनामामा उल्लेखित शर्तको पूर्ण रुपले पालना गर्नुपर्नेछ । अस्पतालबाट माग गरिएका विवरण अनिवार्य रुपले पेश गर्नुपर्ने छ ।
१७. शर्त लेखी आएको कुनै पनि बोलपत्र उपर कारवाही हुने छैन ।
१८. अन्य कुरा शर्तनामा तथा सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

यस सम्बन्धी थप जानकारीका लागि अस्पतालको प्रशासन शाखामा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।



**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# एमाले लुम्बिनी कमिटीमा सात मनोनित



बुटवल । नेपाल कम्युनिष्ट पार्टी (एमाले) लुम्बिनी प्रदेश कमिटीले ७ जनालाई प्रदेश कमिटीमा मनोनयन गरेको छ । बिहीबार रुपन्देहीको बुटवलमा बसेको एमाले प्रदेश कमिटीको तेस्रो पूर्ण बैठकले उनीहरुलाई मनोनित गरेको हो ।

मनोनित हुनेमा तेजेन्द्र केसी (रुपन्देही), डम्बर शर्मा (कपिलवस्तु), टोपबहादुर ओली (पूर्वी रुकुम), किस्मत कक्षपति (बाँके), हुकुमबहादुर बस्नेत (दाङ), लालबहादुर श्रेष्ठ (बर्दिया) र जसमा उमा विक (कपिलवस्तु) रहेका छन् ।

बैठकलाई सम्बोधन गर्दै एमाले केन्द्रीय सचिव तथा लुम्बिनी प्रदेश इञ्चार्ज पद्मा अर्यालले पार्टीलाई एजेण्डाले नेतृत्व गर्ने भएकोले अहिलेको अवस्थामा मुख्यतः राष्ट्रिय स्वाभिमान र स्वाधिनताको विषयसहित चारवटा एजेण्डालाई आत्मसात गरेर पार्टी कामलाई अघि बढाउन आवश्यक रहेको बताइन् ।

उनले जनताका तत्कालीन र दीर्घकालीन एजेण्डाको रुपमा शिक्षा, स्वास्थ्य, आवास र रोजगारीलाई ग्यारेण्टी गरेर जान सक्दा मात्र सबै वर्ग र समुदायका एजेण्डालाई आत्मसात गर्न सकिने भएकोले तदनुसारका विषयलाई अभियानका रुपमा लैजान आवश्यक रहेको बताइन् ।

पूर्व भूमिव्यवस्था मन्त्री समेत रहेकी अर्यालले कार्यकर्ताका पनि एजेण्डा दिएर करप्टेड र फ्रष्टेड हुनबाट बचाउनु, हरेक कार्यकर्ताले पार्टीलाई अभिभावक सम्झने अवस्था सृजना गर्नु र स्वयं नेता पनि सुध्रिन जरुरी रहेको बताइन् ।

बैठकमा एमाले लुम्बिनी प्रदेश अध्यक्ष राधाकृष्ण कंडेलले ९ वटा प्रस्ताव पेश गरेका थिए । जसअनुसार प्रदेश सरकारमा प्रतिनिधित्व गर्ने मन्त्री र राजनीति नियुक्ति पाउनेको सम्मान तथा वार्षिक कार्ययोजना-२०८० को समीक्षा, वार्षिक कार्ययोजना-२०८१ प्रस्तुत, जिल्ला तथा मातहत कमिटीका बैठक र प्रदेश कमिटीको मनोनयनसम्बन्धी प्रस्तावहरु रहेको सचिव लक्ष्मण आचार्यले बताए ।

बैठकले पार्टीको मुखपत्र लुम्बिनी सन्देशको प्रकाशनका लागि आवश्यक तयारी गर्ने, जिल्ला र पालिका कमिटीको कार्यालय तथा अभिलेखीकरणलाई व्यवस्थित गर्ने, बैठकले १० बुँदे समसामयिक प्रस्तावहरु पारित गरेको प्रदेश प्रचार विभाग प्रमुख डीआर घिमिरेले जानकारी दिए ।

बैठकमा पोलिटव्यूरो सदस्यहरु दलबहादुर राना, बैजनाथ चौधरी, लिला गिरी, दधिराम न्यौपाने, खेममान खड्कालगायतले मिसन ८४ को पूर्वतयारी र पार्टी रणनीतिका विषयमा जानकारी दिएका थिए ।

# वन उपभोक्ता समूहको वृक्षरोपण



देवदह । स्मृति सामुदायिक वन उपभोक्ता समूहको गुरुङडाँडा क्षेत्रमा वृक्षरोपण गरिएको छ । वृक्षरोपण दिवस-२०८१ को अवसरमा डिभिजन वन कार्यालय रुपन्देहीको आयोजना, सव डिभिजन वन कार्यालय शितलनगरको सहआयोजना र स्मृति सामुदायिक वन उपभोक्ता समूहको व्यवस्थापनमा वृक्षरोपण गरिएको हो ।

डिभिजन वन कार्यालय रुपन्देहीले उपलब्ध गराएको सगुन २१०, तेजपत्ता ११०, साल ७५, कागती १२०, जामुन ३० पिस गरी ४४६ विरुवा लगाइएको हो । वृक्षरोपण कार्यक्रमको उद्घाटन गर्दै देवदह नगरपालिका-७, का वडाअध्यक्ष कृष्णप्रसाद अधिकारीले वृक्षरोपणले वातावरण संरक्षण गर्ने बताए । उनले नदी उकास र सार्वजनिक स्थलमा बिरुवा रोप्न आवश्यक रहेको बताउँदै रोपिएको बिरुवाको संरक्षण गर्नुपर्नेमा जोड दिए । उनले सामुदायिक वनहरुलाई उत्पादनसँग जोड्ने सके आम उपभोक्ताहरुको आर्थिकस्तर वृद्धि गर्न सकिने जनाए ।

उनले सामुदायिक वनको खाली जग्गामा फलफूलका बिरुवा लगाउन सके आर्थिक विकास समेत हुनेमा जोड दिए । उनले सामुदायिक वनको संरक्षण, सम्वर्द्धनमा सम्पूर्ण उपभोक्ताहरु लाग्नु पर्ने बताए ।

कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै सामुदायिक वनका अध्यक्ष भरतकुमार गुरुङले सामुदायिक वन क्षेत्रको घोडाहा खोलाले कटान गरेको हुँदा कटान रोक्न स्थानीय तहले भूमिका खेल्नु पर्नेमा जोड दिए । उनले स्मृति सामुदायिक क्षेत्रको खोलाबाट नदीजन्य पदार्थ चोरी निकासी भएकोले स्थानीय तहले बेला बेलामा अनुगमन गर्न आवश्यक रहेको उल्लेख गरे । उनले स्मृति सामुदायिक वनको गुरुङडाँडा अतिक्रमण हुने क्षेत्र भएकोले वृक्षणरोपण दिवसको अवसर पारेर विभिन्न जातका बिरुवा रोपिएको बताए ।

स्मृति सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष भरतकुमार गुरुङको अध्यक्षतामा भएको वृक्षरापण कार्यक्रममा देवदह खानेपानीका उपेन्द्रराज पाण्डे, सव डिभिजन वन कार्यालयका प्रतिनिधि, सामुदायिक वन पदाधिकारी, आमउपभोक्ताहरुको सक्रियता रहेको थियो । समूहका सचिव शुसिला भट्टराईको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।




# सिलाइ कटाइ तालिमको समापन

बुटवल । नेपाल कपडा तथा सिलाइ व्यवसायी संघ बुटवल नगर कमिटीको आयोजना र बुटवल उप-महानगरपालिकाको आर्थिक सहयोगमा महिलाहरुलाई १ महिने सिलाइ कटाइ तालिम बिहीबार एक कार्यक्रमका बीच सम्पन्न भएको छ । नेपाल कपडा तथा सिलाइ व्यवसायी संघ बुटवल नगर कमिटीका अध्यक्ष राजेन्द्रराय यादवको अध्यक्षतामा भएको कार्यक्रममा बुटवल उपमहानगरपालिकाका उपप्रमुख सावित्रादेवी अर्यालको प्रमुख आतिथ्यता रहेको थियो । समापन कार्यक्रममा बोल्दै उपप्रमुख अर्यालले महिला दिदीबहिनीहरुको आत्मनिर्भर र क्षमता वृद्धिका लागि सिलाइ कटाइ तालिमले महत्वपूर्ण सहयोग पुग्ने बताइन् । उनले तालिममा लिएको सीपलाई व्यवहारमा उतार्न आवश्यक रहेको जनाइन् ।

कार्यक्रममा नेपाल कपडा तथा सिलाइ व्यवसायी संघका केन्द्रीय उपाध्यक्ष रामकुमार रणपाल, परियार सेवा समाज रुपन्देहीका अध्यक्ष लोकबहादुर नेपाली, नेपाल कपडा तथा सिलाइ व्यवसायी संघ रुपन्देहीका अध्यक्ष सुवास परियार, नेपाल कपडा तथा सिलाइ व्यवसायी संघ रुपन्देहीका वरिष्ठ उपाध्यक्ष संजित बुढापृथी, उपाध्यक्ष तुल्सीबहादुर भण्डारी, सुन्दरनगर खानेपानी संस्थाका पूर्व अध्यक्ष वीरबहादुर लामा, प्रशिक्षक देवीसरा थापा र प्रशिक्षार्थी कल्पना गौतमलगायतले बोल्दै तालिममा प्राप्त गरेको सीपलाई व्यवहारमा उतार्न कार्यक्रममा बोल्ने वक्ताहरुले बताएका छन् ।

उक्त तालिममा उत्कृष्ट करुणा रणपाल भएकी थिइन् भने तालिममा ३० जना प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र प्रदान गरिएको थियो । बुटवल नगर समितिका प्रथम उपाध्यक्ष अनुपमा श्रेष्ठको स्वागत मन्तव्यमा भएको कार्यक्रममा नगर सचिव अनिल छिनालले कार्यक्रमको सञ्चालन गरेका थिए ।

## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




## हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

## सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

## आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस्

सम्पर्कः
## आइडिया डिजाइनर्स/अफसेट प्रेस

बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

## ट्वाइलेट सफा गराउनुहोस्

बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

गगन सेनेटरी ९८६७०२१६१४, ९८१५४४७६४८
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
गगन सेनेटरी (२) ९८०४४१३२८७, ९८१२९८६३१७
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com